**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ | संख्याः २ | मितिः २०७९/१२/१२

**भाग-२**

**चन्द्रपुर नगरपालिका**

## विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ ।

नगरकार्यपालिकाबाट पारित मितिः२०७९/१२/०८

प्रमाणीकरण मितिः २०७९/१२/१०

# विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ ।

नगरकार्यपालिकाबाट पारित मितिः२०७९/१२/०८

प्रमाणीकरण मितिः २०७९/१२/१०

**प्रस्तावनाः**

चन्द्रपुर नगरपालिकाकको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतिको रुपमा विद्यमान रहेकोले विपन्न , दलित तथा आर्थिक सामाजिक रुपले समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुँच अभिवृद्धिका लागि जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रममा विपन्न नागरिकलाई आवद्ध गराउदै योगदान रकममा सहुलियत प्रदान गर्न एवं नेपालको संविधा २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तीको प्रत्याभूति गर्न वान्छनिय भएकोले

चन्द्रपुर नगरपालिकाको स्वस्थ्य ऐनको दफा ६३ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद – १

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि चन्द्रपुर नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२ परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –**

(१) स्वास्थ्य बीमा भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बीमा सम्झनु पर्छ ।

(२) सहुलियत भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा चन्द्रपुर नगरपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ ।

(३) विपन्न भन्नाले आर्थिक तथा सामाजिक गरिबीको आधारमा चन्द्रपुर नगरपालिकाले वर्गीकरण गरी सूचिकृत गरेको आर्थिक एवं सामाजिक गरिबीको समस्या ग्रस्त परिवारलाई सम्झनु पर्छ ।

(४) विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम भन्नाले चन्द्रपुर नगरपालिकाको मिति २०७९/०५/२४ गतेको नवौं नगर सभाबाट जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत स्वीकृत विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सम्झनु पर्छ ।

(५) योगदान रकम (प्रिमियम) भन्नले नेपाल सरकारको भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ ।

(६) सेवा भन्नाले स्वास्थ्य बीमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

(७) बिमित भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ ,

(८) बोर्ड भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्छ ।

(९) नगरपालिका भन्नाले चन्द्रपुर नगरपालिका सम्झनु पर्छ ।

(१०) कार्यपालिका भन्नाले चन्द्रपुर नगरपालिकालाई सम्झनु पर्छ ।

(११) कार्यालय भन्नाले चन्द्रपुर नगरपालिका नगर कार्यपालिका कार्यालयलाई सम्झनु पर्छ ।

(१२) मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

(१३) नागरिक भन्नाले चन्द्रपुर नगरपालिकाको नागरिकलाई सम्झनु पर्छ ।

(१४) दर्ता सहयोगी भन्नाले स्वास्थ्य बीमा नियमावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद २

### कार्यक्रमा आवद्धता सम्बन्धी व्यवस्था

**३. आवद्धताः** नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

(१) कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाई मानिनेछ ।

(२) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची १ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आवद्ध हुन सकिनेछ ।

(३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वस्थ्य सेवा नियमावली २०७५ बमोजिम हुनेछ ।

(४) विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

**४. आवद्ध हुने माध्यमः**

(१) स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ ।

(क) दर्ता सहयोगी मार्फत

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता प्रणालीबाट

(ग) दिर्घ रोगी राज्यबाट तोकीएको गम्भिर रोग लागेको व्यक्तिहरु अति विपन्न परिवारलाई बीमा गर्ने ।

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार वा अनतर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनै पनि लिखतलाई आधार मान्न सकिनेछ ।

## परिच्छेद ३

विपन्नता पहिचानको आधारहरु

**५. विपन्नता पहिचानको आधारहरुः**

(क) सामान्यता विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछ ।

(१) आफ्नो नियमित आम्दानीको श्रोत नभएको

(२) आफ्नो आम्दानीले आफू र आफ्नो परिवारमा सन्तुलित भोजन ग्रहण गर्न नपुग्ने भएको

(३) आफ्नो घर बास नभएको वा भएपनि समान्य भएको र पर्याप्त नभएको

(४) हातमा सिप र क्षमता नभएको

(५) शिक्षामा पहुँच नभएको सामान्य लेखपढ भएको वा औपचारिक शिक्षा हासिल गरे पनि बेरोजगार भएको

(६) प्रकोप वा उपचारका कारणबाट सम्पत्ति सकिएको व्यक्ति वा परिवार भएको

(७) दैनिक ज्यालादारी मजदुरी गरी खाने अति विपन्न गरिव तथा दलित परिवार

योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

**६. योगदान रकम**

(१) कार्यक्रममा आवद्धता हुदाँ लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची १ बमोजिम हुनेछ ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १५ को उपनियम (२),(३),(४),(५) बमोजिम हुनेछ ।

**७. व्यहोर्ने योगदान रकम**

(१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य सेवा नियमावली २०७५ को नियम १६ को उपनियम (१) को अधिनमा रही नेपाल सरकार मधेश प्रदेश सरकार वा चन्द्रपुर नगरपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित कानुन बमोजिम अति गरिबको परिचय पत्र प्राप्त परिवारको योगदान रकमको सतप्रतिशत नेपाल सरकारले (संघीय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भए पछी मात्र ।p

(ख) अति अशक्त अपाङ्गता (रातो कार्ड) , कुष्ठरोगी, एच.आइ.भी. संक्रमित, जटिल खालको क्षयरोगी ( एम.डी. आर.टि.बी.) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,
(घ) महिला स्वास्थ्य स्वंय सेविका संलग्न भएको परिवारको योगदान रकमको ५० प्रतिशत नेपाल सरकारले,
(ङ) चन्द्रपुर नगरपालिकामा सुचिकृत गरिएको सम्बन्धित वडाको सिफारीसको आधारमा विपन्न परिवारको योगदान रकम मध्ये अधिक्तम रु ३५००।– (तिन हजार पाँच सय मात्र) चन्द्रपुर नगरपालिकाले,

**८. सहुलियत प्राप्त गर्न सक्ने**

(१) चन्द्रपुर नगरपालिकाले वर्गीकरण गरी सुचिकृत/ सम्बन्धित वडाले सिफारीस गरेका विपन्न परिवारले स्वास्थ्य बीमा गर्दा सहुलियत प्राप्त गर्न सक्नेछ।

**९. सहुलियत प्राप्त हुने प्रकृया**

(१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक)हरुले स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि अनुसूची १ अनुसारको आवेदन फारम भरी देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ।
(क) स्वास्थ्य बीमा नियमावलीको नियम ६ सँग सम्बन्धित अनुसूची २ को बीमालेख फारम भरीएको
(ख) सम्बन्धित वडा कार्यालयको विपन्न पहिचान गरिएको सिफारीस पत्र

(ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

**१०. रकम उपलब्ध गराउने**

(१) दफा ८ बमोजिम प्राप्त आवेदनहरु दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाचँबुझ गरी सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकीएको समयभित्र तोकीए बमोजिम साझेदारी रकम बीमा दर्ता सहयोगी मार्फत जम्मा गरेपछी कार्यालयबाट योगदान रकम (प्रिमियम)मा सहुलियत बापतको रकम थप गरी स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरिनेछ।

(२) विपन्नताको श्रेणीको आधारमा देहाय बमोजिम योगदान रकम (प्रिमियम) मा सहुलियत बापतको रकम उपलब्ध हुनेछ।

(क) विपन्न नागरिकलाई प्रत्येक वर्ष ३५००।– को दरले रकम प्रदान गरिनेछ।

**११. सहुलियत प्राप्तीको अवधिः**

(१) चन्द्रपुर नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा स्रोत व्यवस्थापन भए सम्म

## परिच्छेद – ४

### समिति अनुगमन मूल्याङ्कन सम्बन्धी व्यवस्था

**१२. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति**

(१) नेपाल सरकार स्वास्थ्य सेवा नियमावली २०७५ को नियम २६ लाइ आधार मानी देहाय अनुसारका पद एवं प्रतिनिधित्व रहने गरी पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन हुनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप – प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक – सदस्य

(ङ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्ति मध्ये नगर प्रमुखबाट मनोनित १ जना सदस्य - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**१३. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकारः**

(१) पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् ।

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको श्रोत व्यवस्थापन योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन समिक्षा पृष्ठपोषण सुधार एवं विस्तार,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बीमा बोर्डसँग समन्वय एवं निर्देशनको कार्यान्वयन,

(ङ) प्रिमियम सहुलियका लागि प्राप्त आवेदनहरु छानविन गरी निर्णय गर्ने ।

## **परिच्छेद – ५**

बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१४. चन्द्रपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्ने,**

(१) यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा चन्द्रपुर नगरपालिका नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकउने छ ।

**१५. विविधः**

(१) यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित ऐन नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

## अनुसूची -१

## <u>दफा ३ सँग सम्बन्धित</u>

## <u>निवेदनको ढाँचा</u>

मितिः-

श्रीमान् वडा अध्यक्षज्यू,
चन्द्रपुर नगरपालिका,
वडा नं. ................................................ ।

**<u>विषयः विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराइदिनु हुन ।</u>**

प्रस्तुत विषयमा म/हामी …………………………………………............................(निवेदक) ...................................................................................................................(बाबु/आमा) ...................................................................................................................(बाजे) को आर्थिक रुपले विपन्न भई स्वास्थय बिमा गर्न असमर्थ भएको व्यहोरा अवगत गराउँदछु/छौं । स्वास्थ्य बिमा गर्नको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सोको लागि तहाँ कार्यालयको नियमानुसारको विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराइदिनु हुन तपिसलका कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु / छौं ।

<u>तपसिल</u>

१. आर्थिक रुपले विपन्न सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/राष्ट्रिय परिचयपत्र/ जन्मदर्ता/ विवाहदर्ताको प्रतिलिपि (परिवारका प्रत्येक सदस्यको प्रतिलिपि)
३. वडा समितिको सिफारिस/ वडा अध्यक्षको सिफारिस

<u>निवेदक</u>
नामः
वतनः
दस्तखतः

आज्ञाले,
किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत